Tenzing Hillary
Adventure Sports
EVEREST Marathon
World's Highest Marathon

# Tenzing-Hillary Everest Marathon

२९ मे २०२७

## प्रवेश फारम

हालै खिचिएको रङ्गीन फोटो
२ प्रति
अनलाइन फोटो टाँस्न लागि
यहाँ क्लिक गर्नुहोस
click on this box

| | |
|---|---|
| **पुरा नाम (देवनागरीमा):** | |

| | |
|---|---|
| **अङ्ग्रेजीमा: (CAPITAL LETTERS)** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **लिङ्ग:** | ☐ | पुरूष | ☐ | महिला | **जन्म मिति:** | दिन | महिना | साल |

| | | |
|---|---|---|
| **नागरिकता नं:** | **जारी मिति:** | **जिल्ला:** |

| | | | |
|---|---|---|---|
| **स्थायी ठेगाना:** | | **अस्थायी ठेगाना:** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **मोबाइल नं:** | | **फोन नं. (घर):** | | **आपतकालीन सम्पर्क नं:** | |

| | | | | |
|---|---|---|---|---|
| **दौड छनोट :** | ☐ | पुरा म्याराथन (४२.१९५ कि.मि.) | ☐ | अल्ट्रा म्याराथन (७० कि.मि.) |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **टि-सर्ट नाप :** | ☐ | XS-३६" | ☐ | S-३८" | ☐ | M-४०" | ☐ | L-४२" | ☐ | XL-४४" | ☐ | 2XL-४६" | ☐ | 3XL-४८" |

### अभिभावकको हस्ताक्षर (१८ वर्ष भन्दा मुनिका लागि)

| | | | | | |
|---|---|---|---|---|---|
| **पुरा नाम:** | | **हस्ताक्षर:** | | **नाता:** | |

### सम्झौता तथा स्विकृती:

म यो एभरेष्ट म्याराथन प्रवेश फारम मेरो स्वस्थ मनस्थितिमा तपसिलका सम्झौता शर्तहरू पढी-बुझी मतलब र परिणाम समेत जानी सम्झौता शर्तहरू पूर्ण रूपमा परिपालना गर्न मञ्जुर गरि एभरेष्ट म्याराथन दौडमा भाग लिनको लागि सही छाप गर्दछु ।

**सम्झौता शर्तहरू**

१. म स्वस्थ अवस्थामा छु र यस एभरेष्ट म्याराथन दौडको लागि पर्याप्त अभ्यास गरेको छु । म स्वस्थ रहेको र यस एभरेष्ट म्याराथन दौडमा भाग लिनको लागि स्वस्थ रहेको मेडिकल रिपोर्ट यसै प्रवेश फारम साथ पेश गरेको छु ।

२. म एभरेष्ट म्याराथन दौडमा सहभागी भई मेरो स्वास्थ्य अवस्थामा कुनै प्रतिकुल असर पर्न गएमा वा काबु भन्दा बाहिरको परिस्थितिमा परि शारीरिक रूपमा असमर्थ भएमा मलाई यस दौडबाट आयोजक तथा म आफै स्वयम्, एभरेष्ट म्याराथन दौड प्रतियोगिता परित्याग गराउन वा गर्न म पूर्ण मञ्जुर गर्दछु ।

३. यो एभरेष्ट म्याराथन दौड साहसिक कार्य र गतिविधिमा जोखिमता रहेको मैले राम्रोसँग बुझेर मेरो स्वेच्छाले जोखिमहरू पूर्ण स्वीकार गरि स्वस्थ मनस्थितिले मञ्जुर गर्दछु ।

४. यो एभरेष्ट म्याराथन दौड आयोजक, हिमालय एक्सपिडिसन (प्रा) लि., सम्पूर्ण सम्बन्धित कम्पनीहरू, गाइडहरू, कर्मचारीहरू, अधिकारीहरू, सहयोगीहरू, उपकरणको निर्माणकर्ता र ठेकेदारहरू लगायत, उपठेकेदारहरूलाई आरोपित गरि एभरेष्ट म्याराथन दौडमा सहभागि हुँदा मेरो व्यक्तिगत समानहरू हराएको, बिग्रिएको वा कुनै प्रकारको शारीरिक, मानसिक तथा सम्पत्ति हानी नोक्सानी भएको छ भनी मैले कुनै प्रकारको क्षतिपुती हकदाबी गर्नेछैन । गरेमा यो सम्झौता शर्तको कागजद्वारा बदर गरिदिनु भनी सहीछाप गरेको छु ।

५. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.ले आयोजना गरेको यस एभरेष्ट म्याराथन दौडमा म सहभागीले व्यक्तिगत रूपमा दुर्घटनाको सम्बन्धमा सुरक्षित रहनको लागि गर्नुपर्ने बिमा, सहभागी कर्ता म स्वयम्ले गर्नेछु ।

६. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.द्वारा सञ्चालित एभरेष्ट म्याराथन दौडमा म सहभागी कर्ताको स्वेच्छाले म सहभागी भएको हुँदा कुनै पनि प्रकारको दुर्घटनाबाट मेरो शारीरिक अंगभंग वा मृत्यु हुन गएमा सो दुर्घटनाबाट हुन गएको शारीरिक अंगभंगको औषधी उपचार खर्च तथा क्षतिपुती वा मृत्युको क्षतिपुती म तथा मेरो परिवारले एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि. संग गर्न पाउने छैन । कथंकदाचित गरेमा यो सम्झौताको शर्त कागजले उजुर दावी खारेज गरि दिएमा म पूर्ण मन्जुरी गर्दछु ।

७. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.लाई मेरो फोटो, भिडियो आदि प्रयोग गरे बापत आयोजकसँग कुनै प्रकारको रोयल्टी वा अन्य प्रकारको पारिश्रमिक दस्तुर माग गर्ने छैन । कुनै प्रकारको उजुर दावी गरेमा यो सम्झौता सर्तनामाका कागजले बदर गरिदिएमा मेरो पूर्ण मन्जुरी छ ।

८. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.ले मलाई प्रदान गरेको एभरेष्ट म्याराथन दौडको चेष्ट नम्बर कसैलाई दिएमा, झुटो विवरण पेश गरेमा, जालसाजी गरेमा म यस दौडबाट स्वत अमान्य घोषित भएको स्वीकार गर्न म पूर्ण मन्जुरी गर्दछु ।

९. यो सम्झौताको शर्तहरू परिपालना गर्न म एभरेष्ट म्याराथन धावक पूर्ण मञ्जुर गर्दछु । कथंकदाचित यो सम्झौताको शर्तहरूको विपरित कुनै प्रकारको दावी गरेमा यो प्रवेश फारमको सम्झौता सर्तनामाका कागजले बदर गरिदिएमा म एभरेष्ट म्याराथन धावक पूर्ण मन्जुरी गर्दछु ।

### महत्वपूर्ण बुँदाहरू:

एभरेष्ट म्याराथन सबैको लागी खुल्ला छ, यस दौडमा भाग लिनको लागि शारीरिक अवस्था स्वस्थ, बालिग उमेर र कानूनी कागजपत्र भएकालाई मात्र प्रदान गरिन्छ ।

- प्रवेश शुल्क रू.२५,०००/- (पच्चीस हजार मात्र) तोकिएको छ र दाखिला पश्चात फिर्ता हुनेछैन ।
- दुर्गम क्षेत्रका धावकहरूका हकमा सम्बन्धित गा.वि.स., कार्यालय वा सम्बन्धित संस्थाको पत्र, कागजात वा नागरिक्ता पेश गरेमा प्रवेश शुल्कमा सहुलियतको व्यवस्था गरिएको छ ।
- प्रवेश फारम दाखिला गर्दा पहिचान सहितको कागजात नागरिकता वा नागरिक प्रमाणपत्रसँगै प्रमाणित हुने अन्य परिचय पत्र र २ प्रति फोटो समेत दाखिला गर्नुपर्नेछ ।

*प्रवेश शुल्क रू.२५,०००/- अन्तर्गत निम्न सुविधाहरू प्रदान गरिनेछ*

*१) १ रात (मे २८) एभरेष्ट बेस क्याम्पमा खाने, बस्ने (२ व्यक्ति १ टेन्ट र म्याट्रेस) ।*
*२) १ रात (मे २९) नाम्चे बजारमा खाने/बस्ने सुविधा ।*
*३) पोर्टर मार्फत एभरेष्ट बेस क्याम्पबाट नाम्चे बजारसम्म ब्याग ढुवानी ।*
*४) रेस नम्बर, रेस जर्सी, रेस ज्याकेट वा हुडी, म्याराथन किट ब्याग ।*
*५) आकस्मिक दुर्घटना बिमा (२९ मे म्याराथन दिनको लागि मात्र) ।*

**खेलाडी (चेष्ट) नम्बर र टी-सर्टको संकलन:**

- धावकहरूले खेलाडी (चेष्ट) नम्बर र टी-सर्टको सङ्कलनको लागी उपस्थित हुँदा नागरिकता वा आइ.डी. अनिवार्य देखाउनु पर्नेछ ।
- धावकहरूले दौडको समयमा आधिकारिक टी-सर्ट अनिवार्य पहिरिएको हुनुपर्दछ ।
- नेपाली धावकहरूले मे २८ तारिखमा एभरेष्ट बेसक्याम्पमा मध्यान्ह पछि रिपोर्ट गरिसक्नु पर्नेछ ।
- नेपाली धावकहरूलाई मे २८ तारिखमा खाने (डिनर), सुत्ने सुविधा (टेन्ट) र मे २९ मा ब्रेकफाष्ट (बेस क्याम्प) र लन्च (नाम्चे) मा प्रदान गरिनेछ ।
- आफूलाई आवश्यक पर्ने **स्लिपिङ्ग ब्याग** आदिको व्यवस्था धावक स्वयमले नै गर्नुपर्नेछ ।
- **फारममा भरिए अनुसार नै दौड छनोट वर्गमा भाग लिनुपर्ने छ र पछि परिवर्तन गरिने छैन् ।**
- अन्य जानकारीको लागी, कृपया प्रचारका सामाग्री तथा दौडको नियमको अवलोकन गर्नुहोस अथवा हाम्रो वेबसाइटमा जानुहोला ।

**माथिका सम्झौता, बुँदा तथा शर्तहरू परिपालना गर्न पूर्ण मञ्जुर छ भनी सही छाप गरेको छु ।**

| | | |
|---|---|---|
| **मिति :** | | **हस्ताक्षर :** |

click on this box